कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष १ अंक ४० | ने. सं. ११३२ बछलागा चौथी बुधवाः | २०६९ बैशाख २७ गते बुधवार (May - 9, 2012) | मुल्य : ५/– (न्यातका)

## नेवाः स्वायत्त राज्य सुनिश्चितताका लागि नेवार समुदाय जुर्मुराए

# जेठ ६ गते नेवाः शक्ति प्रदर्शन

**कीर्तिपुर सन्देश /**

संघीय गणतान्त्रिक नेपालमा नेवाः स्वायत्त राज्य सुनिश्चित हुनुपर्ने माग गर्दै आएका काठमाण्डौं उपत्यकाका नेवार समुदाय जुर्मुराएका छन् । पछिल्लो समयमा दलका नेताहरूले संविधान निर्माणको अन्तिम समयमा पनि सहमति नभएतापनि संविधानसभामा संवैधानिक प्रक्रिया अनुसार मतदानद्वारा विवादित विषय निर्णय गर्नेतर्फ अहिलेसम्म पनि नगई आनाकानी गरिरहेका कारण नेवार समुदय आन्दोलन गर्ने मनस्थितिमा पुगेका हुन् ।

यसै वीच नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिले जेठ ६ गते राजधानीमा नेवाः शक्ति प्रदर्शन गर्ने भएको छ। ठाउँ ठाउँवाट आउने जुलुस खुल्लामञ्चमा पुगेपछि वृहत्त नेवाः सभामा परिणत हुने सो कार्यक्रमलाई नेवार समुदायले शक्ति प्रदर्शनको रुपमा लिएको छ ।

नेवारहरूको संयुक्त मोर्चा नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिको आयोजनामा हुने सो कार्यक्रममा नेपालका आदिवासी जनजातिहरूले पनि प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहभागी हुने बताइएको छ । यसै वीच तामाङ, गुरुङ, थारु, लगायतका आदिवासी जनजातिहरूले सो दिनमा राजधानीको चक्रपथका विभिन्न स्थानमा सभा गर्ने तयारी गरेको समेत थाहा भएको छ ।

यसै वीच नेवाः स्वायत्त राज्यको लागि आन्दोलनलाई सशक्त बनाउन नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समिति ललितपुरले परिषद् गठन गरेको छ। ललितपुरमा क्रियाशिल विभिन्न संघ संस्थाका प्रतिनिधिहरू सहभागी गराई सो परिषद् गठन गरेको हो ।

त्यस्तै गरी जेठ ६ गतेको कार्यक्रमलाई प्रभावकारी बनाउन नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिमा आवद्ध भएका विभिन्न ११ वटा घटकले कम्तिमा पनि ५/५ वटा सार्वजनिक कार्यक्रम गर्ने भएको छ । नेवार समुदायलाई आउँदो जेठ ६ गते हुने नेवाः शक्ति प्रदर्शनमा नेवार समुदायलाई सहभागी गराउन विभिन्न किसिमका कार्यक्रम गर्ने तयारी गरेको थाहा भएको छ। सो मंकाः संघर्ष समितिमा एकीकृत माओवादीको एकीकृत नेवाः राष्ट्रिय मुक्ति मोर्चा, एमालेको नेपाल लोकतान्त्रिक नेवाः संघ, नेपाः राष्ट्रिय पार्टीको नेवाः ल्यायम्ह न्ह्यलुवा, नेपाली कांग्रेस निकट लोकतान्त्रिक नेवाः दबू, ज्यापु महागुथि, ज्यापु समाज, बौद्ध विहार संघ, नेवाः देय् दबू, नेवाः देय् गुथि नेपालमण्डल लगायतका संघ संस्थाहरूसमेत आवद्ध भएका छन्

त्यसै गरी ६ गतेको शक्ति प्रदर्शन गर्नका लागि जेठ ५ गते राजधानीमा मोटरसाईकल ऱ्याली समेत अयोजना गर्ने भएको छ। शक्ति प्रदर्शको क्रममा खुल्लामञ्चमा हुने सभामा नेवाः आन्दोलका अगुवा एवं नेवार सभासद्हरूले सम्वोधन गर्ने कार्यक्रम रहेको बताइएको छ ।

सो शक्ति प्रदर्शन पछि पुनः नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिले नेवाः स्वायत्त राज्यको लागि आन्दोलनका कार्यक्रम ल्याइने बताइएको छ । नेवाः स्वायत्त राज्यको सुनिश्चितताका साथै पहिचानको आधारमा राज्य पुनर्संरचनाको लागि आदिवासी जनजातिहरूसंग पनि संयुक्त मोर्चा बनाई आन्दोलनमा जाने पनि तयारी गरेको छ ।

यसै वीच एकीकृत नेकपा (माओवादी)का केन्द्रीय सदस्य पवनमान श्रेष्ठको नेतृत्वमा रहेको एकीकृत नेवाः राष्ट्रिय मुक्ति मोर्चा नेपालले पनि संविधानसभावाट तयार हुने नेपालको नयाँ संविधानमा नेवाः स्वायत्त राज्यको सुनिश्चतताका लीग आउदो जेठ ९ गते काठमाण्डौंको बसन्तपुरमा नेवाः शक्ति प्रदर्शन गर्ने भएको छ ।

मोर्चाको १३ औं स्थापना दिवसको अवसरमा खुल्लामञ्चमा हुने सभामा एकीकृत माओवादीका शीर्ष नेताहरू र नेवार नेताहरूले सम्वोधन गर्ने बताइएको छ। बसन्तपुरमा हुने सो सभामा सहभागी हुन काठमाण्डौंका विभिन्न स्थानवाट जुलुस समेत आउने नेवाः मोर्चाले जनाएको छ ।

**नयाँ संविधानका लागि १९ दिन मात्र बाकि**

## दर्शनको बम्पर उपहार

नयाँ वर्ष २०६९ को आगमनसँगै यस सहकारीमा खाता खोल्ने ग्राहकलाई विभिन्न उपहारको व्यवस्था गरिएको सहर्ष जानकारी गराउँदछौं ।

दैनिक बचत

रु. १०००/- MSI Laptop
रु. ८००/- 22 inch LCD TV
रु. ६००/- Semi Automatic Washing Mechine
रु. ५००/- 190 Ltr. Refrigirater
रु. ४००/- 21 inch Color TV
रु. ३००/- Nokia C 200 Mobile
रु. २००/- Karbon K-9 Mobilse
रु. १००/- Beetal GD 310 Mobile

नोट :

एक महिनाको बचत जम्मा गर्नेलाई वा दैनिक रुपमा एक महिनासम्म बचत गर्नेलाई उपहार प्रदान गरिन्छ ।

**दर्शन बचत तथा ऋण सरकारी संस्था**

नयाँबजार, कीर्तिपुर-३ फो.नं. ४३३६७७६

## एम.आर.टेलरिङ्ग सेन्टर

कीर्तिपुर सपिङ्ग सेन्टर

नयाँबजार, चोक

**सर्टिंग, सुटिंग, शर्त, पाइन्ट सफारी सूट सिलाउनको लागि सम्पर्क राख्नु होला**

**मोबाईल ९८४१४८७३०७**

**सम्पूर्ण बोर्डिङ् तथा सरकारी स्कूलको पाठ्यपुस्तकहरू (Test Book)**

## किपू वुक प्वाइण्ट, कीर्तिपुर

**नयाँ बजारमा पाईन्छ**

**फोन ४३३१७७५**

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# हावा खाएको ५ बुँदे सहमति

**प्रमुख राजनीतिक दल एकीकृत नेकपा (माओवादी), नेपाली कांग्रेस, एमाले र मधेसी मोर्चावीच राती भएको ५ बुँदे सहमतिले अव त नेपालमा सहमतिए राष्ट्रिय सरकार गठन हुने र समयमै संविधान जारी हुने कुरामा जनताले धेरै आशा गरेका थिए । तर त्यो सहमति अनुसार नेताहरूले कुनै पनि कार्य गर्न सकेको अवस्था छैन ।**

**दुई दिन भित्र सहमतिय राष्ट्रिय सरकार गठन गर्ने, तीन दिन भित्र संविधान निर्माणका विवादित विषयमा सहमति गर्ने र सहमति नभएका विषयलाई संविधानसभामा संवैधानिक प्रक्रिया अर्थात मतदानद्वारा निर्णय गर्ने भनी उल्लेख गरेतापनि अहिलेसम्म कुनै पनि बुँदा कार्यान्वय गर्न सकेको छैन । न त सहमतिको राष्ट्रिय सरकार नै गठन गर्न सक्यो ? न त संविधान निर्माणका सवालमा विवादित विषयमा नै सहमति गर्न सक्यो ? न त सहमति नभएका विषयमा संविधानसभामा संवैधानिक प्रक्रियामा नै जान सक्यो ?**

**सहमति भएका कुनै पनि बुँदा कार्यान्वयन गर्न नसकेका कारण अव जेठ १४ गते भित्र पनि संविधान जारी नहुने अवस्था सृर्जना भएको छ । त्यसैले प्रमुख दलका शीर्ष नेताहरुवीच राती भएको ५ बुँदे सहमित अव हावा खाएको सहमति भन्न थालेका छन् । यस्तै हुने हो भने नेताहरू सहमति गर्दै जाने अनि कार्यान्वयन नगर्ने नेताहरू भनी जनताले बुझ्ने संभावना बढदै गएको छ । नेताहरुवाट आशा गर्ने ठाउँ समेत कम हुँदै जाने कुरामा कसैको पनि दुई मत हुँदैन होला ।**

# नेवार आदिभूमि बाहिर रहेका नेवारहरूको छोटो टिप्पणी

**— Jwajalapa Sakasita —**

एउटा नेवार, लिम्बुको आदिभूमिमा गएर लिम्बु माथि अत्याचार गर्ने बाहुनवादी संयन्त्रको मतियार बन्छ भने म के त्यो बाहुनवादी नेवारलाई समर्थन गरुं ? कदापि गर्दिन । आदिभूमिका आदिवासीलाई सम्मान गरे पो आफूले पनि सम्मान पाइन्छ ।

नेवार आदिभूमि बाहिर रहेका नेवारहरू मध्य मैले आफै देखेको छु। (१) राजा, राना र बाहुनवादी सयन्त्रको दुत बनेर तराई मधेश लगायत जिल्ला जिल्लामा हालीमुहाली गरेका नेवार प्रशासकहरू र (२) आफ्नो थातथलोमा आर्थिक सामाजिक उठिवास भै विभिन्न ठाउँ पुगेर फेरी संघर्ष गर्दै जीवन-आधार तयार पारेका नेवार व्यवसायी तथा पेशागत समूहहरू ।

यी दुई समूह मध्य पहिलो समुह सामन्ती व्यवस्थाका पहरेदार बन्दाबन्दै आफै बाहुनवादी सयन्त्रका औजार बनेका छन जो आदिवासीलाई अधिकार दिए आफ्नो खाइ पाई आएको सरसुविधा गुम्ने डर लिन्छन र संघियताको बिरोधमा बाहुनवादीसित स्वरमा स्वर मिलाउँछन । यिनीहरू बाहुनवादीसित मिलेर देशमा शासन गर्ने सपना देख्छन, व्यक्तिगत शुभ(लाभका सवालमा अति संवेदनशील छन ।

दोस्रो समूहको इतिहास लामो छ, धेरै जसो ठाउँमा तिनीहरुले नै स्थानीय विकाशका पूर्वाधार निर्माण गरेका छन, शहर नै बनाएर बसेका छन । अधिकांश जिल्ला केन्द्र तथा सघन बस्तिहरू रहेको ठाउँ नेवारले बस्ति शहर बनाएको ठाउँ हो, जसलाई पंचायतले सदरमुकाम घोषणा गरेर प्रयोग गरे । ती नेवारहरू लामो समयदेखि अन्य स्थानीय आदिवासीहरू सित सह-अस्तित्व र सद्भाव कायम गरेर सुख दुःख बाँडेर बसेका छन । यो दोस्रो समूहले संघीयतालाई दिलैदेखि स्वीकार गरेका छन । किन कि उनीहरूलाई थाहा छ उनीहरू त्यहाँ सानो समूह वा अल्पमत नै रहेपनि स्थानीय स्वायत्तताले उनिहरूको मौलिक पहिचान जगेर्ना गर्न सम्भव हुने छ र उनीहरूले बुझेका छन कि त्यहाँको आदिवासीलाई सम्मान गर्नु आफ्नो कर्तव्य पनि हो । संघियता विरोधीले भ्रम जतिसुकै छरेपनि जनजातिसित सहकार्य गर्दै आफूहरूलाई सचेत बनाउँदै संघीयताको समर्थनमा ती नेवारहरू लागेका छन ।

# त्रि.वि. सेवा आयोगको तालाबन्दी र राजनैतिक दलहरु

**– पञ्चलाल महर्जन –**

कीर्तिपुरवासीले त्रि.वि.मा आफ्नो शिक्षा, स्वास्थ्य, रोजगारी र मुआब्जा लगायतका बिषयमा आन्दोलन गरेको धेरै बर्ष भएको छ । आन्दोलनले धेरै पटक उचाई पनि छुन्छ तर अवतरण कहिल्यै पनि उपलब्धिपुर्ण भएन । यसले के प्रष्ट पार्छ भने आन्दोलनलाई निकै उचाईमा पुऱ्याउन कीर्तिपुरवासी सक्षम हुन्छ तर यसलाई उपलब्धिपुर्ण अवतरण गर्न सक्षम छैन । आन्दोलनको जहाजलाई उचाईमा पुऱ्याउञ्जेलका चालकहरू ठिक भयो तर यसलाई उपलब्धिपुर्ण निकासको निमित्त अवतरण गर्दा चालकहरू नै फेरिन्छन अनि जहिले पनि संघर्षको जहाज दुर्घटनामा पर्दछ ।

बि.सं. २०६७ श्रावणमा नेवाः स्वायत्त राज्य मंका परिषद, कीर्तिपुरको अगुवाईमा कीर्तिपुर प्रवेशद्वार निर्माणको लागि त्रि.वि.ले अनियमित तवरले बनाईएको पर्खाल भत्काउने कार्यबाट शुरु भएको त्रि.वि.संघर्ष नगरवासीको तर्फबाट बास्केटबल कोर्ट निर्माण, फोहोर प्रशोधनशालाको लागि जग्गाको प्रयोग, अनियमित तवरले बसेका ड्राईभरको निवास(जहाँ हाल नेवाः स्वायत्त राज्य मंका परिषद, कीर्तिपुरको कार्यालय बसेको छ ।) खाली गराउने, कीर्तिपुरको प्रवेशद्वार निर्माण, नेपाल प्राध्यापक संघबाट अबैधानिक तवरले गरिएको निर्माण कार्य रोक्ने जस्ता कार्यमा सफलता मिलेको छ । पछिल्लो चरणमा नेपालको नयाँ संबिधानमा नेवाः स्वायत्त राज्यको सुनिश्चितताको लागि संघर्षरत नेवाः स्वायत्त राज्य मंका परिषद, कीर्तिपुरले त्रि.वि.सँगको आन्दोलनलाई फेरि एक पटक चर्काएको छ। कीर्तिपुरका जनताको तर्फबाट राखिएको १५ बुँदे मागलाई बेवास्ता गरि त्रिविको तर्फबाट एक पक्षीय रुपमा षडयन्त्रमुलक ढंगले पदपुर्ति सम्बन्धि निकालिएको सुचनाका सम्बन्धमा सम्बन्धित पक्षलाई राख्दा कुनै प्रकारले सम्बोधन नभए पछि नेवाः स्वायत्त राज्य मंका परिषदका कार्यकर्ताहरूबाट सेवा आयोग नै तालाबन्दी भयो । केहि समय सेलाएको त्रि.वि. संघर्ष एकाएक चर्चामा आयो । त्यसको केहि दिन पछि त्रि.वि.बाट सो समस्या समाधानार्थ त्रिवि सरोकार सर्वपक्षिय समितिलाई पत्राचार गर्ने काम भएको थियो । वार्तामा को जाने र कस्लाई लाने भन्नेमै राजनैतिक दलका प्रतिनिधिहरू अल्झिरहँदा त्रि.वि.ले तालाबन्दीको कारण देखाउँदै पदपुर्ति प्रक्रिया नै रद्ध गरि सकेको छ तर आज महिना दिन बित्न लाग्दा समेत कीर्तिपुरवासीका तर्फबाट न आधिकारिक वार्ता टोली गठन भयो न त त्यस सम्बन्धमा कुनै सकारात्मक पहलकदमी नै भएको देखिन्छ । बर्ष फेरिएको छ तर हाम्रो चिन्तन र सोच्ने शैली उहि छ । मंका परिषदद्धारा त्रि.वि.सेवा आयोगमा गरिएको तालाबन्दीका कारण त्रिवि सरोकार सर्वपक्षिय समितिलाई वार्ताका लागि आव्हान गरिएको बिषयमा नयाँ बर्ष २०६९ को दोस्रो दिनमा छलफल/ अन्तरक्रिया कार्यक्रम आयोजना गरियो तर मंका परिषदलाई आमन्त्रण गर्न उचित ठानिएन । त्रि.वि. द्धारा गरिएको पत्राचार त्रि.वि.को पुरानै चालबाजी हो भन्ने बुझेर मंका परिषदका नेतृत्वकताहरूले एकताको आवश्यकता महशुस गरि दलको बिना आमन्त्रण उक्त कार्यक्रममा उपस्थित भएको थियो । फुटाउ र राज गरको पुरानो चालबाजीबाट हाम्रा राजनैतिक दलका प्रतिनिधीहरू उम्कन सकेनन । त्यसैले त मंका परिषदले आमन्त्रण गरेको कार्यक्रममा दलका प्रतिनिधी उपस्थित भएन भने दलहरूले आयोजना गरेको कार्यक्रममा पनि मंका परिषदलाई बोलाउन आवश्यक देखेनन् । एकताको ऐतिहासिक आवश्यकतालाई महशुस गरि निमन्त्रणा नै नभए पनि मंका परिषद बाटै अत्याधिक उपस्थिति भयो । आयोजकको चाहना विपरित मंका परिषदद्धारा गरिएको तालाबन्दीका बारेमा अधिक चर्चा भयो । आयोजककै कृयाकलापबाट रुष्ट सहभागीहरू ले कार्यक्रम नै बहिष्कार गरे । राजनैतिक दलका प्रतिनिधीहरूको यी र यस्तै व्यवहारबाट कीर्तिपुरवासीहरूलाई फेरि एक पटक आक्रोसित बनाएको छ । जब लक्ष्यमा भन्दा विधि र प्रक्रियामा मान्छे अल्झिन्छ तब त्यो मान्छेले आफ्नो लक्ष्य नै भुल्दछ । यस्तै भइरहेको छ त्रि.वि. र कीर्तिपुरवासी बीचको आन्दोलनमा राजनैतिक दलका सिमित नेतृत्व पंक्तिमा । त्रि. वि. सँगको आन्दोलनमा कीर्तिपुरवासीका अधिकाधिक मागहरू कसरी सम्बोधन गराउन सकिन्छ भन्ने चिन्तन भन्दा पनि मंका परिषदलाई उपस्थित गराउने की नगराउने मंका परिषदलाई कसरी बिस्थापित गराउने भन्ने चिन्तन र राजनैतिक दलका प्रतिनिधीहरूमा गाँजिए पछि चुलिमा पुगेको संघर्षले ०६९ बैशाख काट्न लाग्दा सम्म कुनै उपलब्धी हासिल गर्न सकेको छैन ।

यहाँ हामी कीर्तिपुरका सबै सचेत नागरिकहरू के स्पष्ट हुन जरुरी छ भने त्रिविले संघर्षकारी नेवाः स्वायत्त राज्य मंका परिषदलाई पत्राचार नगरी त्रिवि सरोकार सर्वपक्षिय समितिलाई पत्राचार गरेर शुरुमै कीर्तिपुरवासीलाई विभाजन गरिदिएको छ । त्रिविको पुरानो परम्परावादी षडयन्त्रबाट राजनैतिक दल तथा नागरिक सरोकारका अगुवाहरू सचेत हुनै पर्दछ । विवाद समाधानको लागि संघर्षका पक्षकारीलाई बोलाउनु पर्छ भन्ने संघर्षको कखरा नबुझेका होलान प्रा.डा. भनाउदाहरू ? विवाद समाधानको लागि त्रिविका शासकहरू सकारात्मक हुँदो हो त संघर्षकारी मंका परिषदलाई सिधै पत्राचार नगरे पनि वार्ताको टेवुलमा ल्याउनको लागि दल तथा नागरिक समाजका अगुवाहरूलाई सहजकर्ताको भुमिका निभाइदिन सहयोग गरिदिनु भन्नुको सट्टा किन दलहरू तिमिहरूसँग मात्र वार्ता गर्छु भन्छ ? दूध उमाल्न बेस्सरी आगो बाल्ने मंका परिषदसँग कुनै छलफल नगरी दुधको “टर” मात्र खान खोज्दा परिणाम के हुन्छ भन्ने कुरा राजनैतिक दलका प्रतिनिधीहरूले सायद त्रिविको पछिल्लो प्रतिक्रियाले चेत खुलीसकेको हुनु पर्छ । संघर्ष जसले गरेपनि आखिर वार्तामा हामीलाई नै बोलाउने हो भन्ने भ्रमले आन्दोलनको वेगलाई थुन्ने काम मात्रै भएको छ तर उपलब्धी र निश्कर्षमा पुऱ्याउन सक्ने देखिदैन ।

नेवाः स्वायत्त राज्य मंका परिषद, कीर्तिपुर अग्राधिकार सहितको नेवाः स्वायत्त राज्य स्थापनाका लागि संघर्ष गर्नको लागि गठित राजनैतिक संयुक्त मोर्चा हो। यसमा सबै दलबाट प्रतिनिधीत्व भएकै छ । राजनैतिक दलबाट त्रिवि सरोकार सर्वपक्षीय समितिमा प्रतिनिधित्व गर्ने व्यक्ति र मंका परिषदमा प्रतिनिधित्व गर्ने व्यक्ति विचको आग्रह पुर्वाग्रह हुन सक्छ तर यस्ता खाले बैयक्तिक आग्रह पुर्वाग्रहका कारण इतिहास देखि थाँती रहेको कीर्तिपुरवासीको हक अधिकारमा कुण्ठित गर्ने अधिकार कसैमा छैन। आन्दोलनको एउटा सशक्त मोर्चालाई विस्थापित गरेर हुने जुन सुकै संघर्ष शिथिल हुन्छ । हामीले धेरै भोगी सक्यौं । फेरी जानाजान त्यहि गल्ति दोहोऱ्याउनु हुँदैन । ५५ बर्ष देखि थाँती रहेको समस्या समाधानको लागि सानो जमातको सानो बलले पुरा हुनेवाला छैन । त्यसका लागि हामीलाई युवा देखि बृद्ध सम्म, सामाजिक संघ/संस्था देखि प्रशासनिक व्यक्तित्व सम्म, नागरिक समाज देखि समाजका प्रबुद्ध वर्ग सम्म, मंका परिषद देखि राजनैतिक दल सम्मका सबै शक्तिको फ्युजन अनिवार्य आवश्यक छ । एक्ला दुक्लैको प्रयासले यो कदापी सम्भव छैन ।

एउटा घर बनाउनको लागि इञ्जीनियर देखि सामान्य ज्यामीको उत्तिकै भुमिका आवश्यक हुन्छ । थुप्रै बस्तु र व्यक्तिहरूको श्रम र शिपको फ्युजनबाट मात्र एउटा पुर्ण घर बन्छ । इञ्जीनियरले ज्यामीको भुमिकालाई अस्वीकार गर्ने, डकर्मीले अन्य कामदारको भुमिकालाई नजरअन्दाज गर्दा घर बन्न सक्दैन । राजनैतिक दलका प्रतिनिधिहरूले यो बुझ्नु जरुरी छ। आज दलका प्रतिनिधीहरूलाई किन वार्तामा बोलाईयो के का लागि बोलाईयो भन्ने कुरा सबैमा जग जाहेर छ । फेरी किन दलका प्रतिनिधिहरू बुझपचाईरहेका छन् बुझिनसक्नुको छ । ०६२/०६३ सालको जनआन्दोलन पश्चातको राजनैतिक परिवर्तन पछि मुलुक र जनताको आम समस्याको समाधानको जिम्मेवारी राजनैतिक दलको काँधमा आएको छ । कीर्तिपुरको सन्दर्भ पनि त्यस भन्दा अलग छैन । दलको गैर जिम्मेवारी पन र दलिय असमझदारीका कारण कीर्तिपुरवासीहरू आफ्ना कैयौ अधिकारबाट बञ्चित हुनु परिरहको छ । हिजोका आग्रह र पुर्वाग्रहलाई थाती राखेर कीर्तिपुरवासीको हक र अधिकारको निम्ति विरता/एकताको ईतिहास फेरी एक पटक प्रदर्शन गर्ने बेला आएको छ । मंका परिषदको संघर्षका कारण भएका उपलब्धिहरूको रक्षा गर्दै थप अधिकार प्राप्तिको लागि एकताबद्ध सशक्त संघर्ष अनिवार्य आवश्यक छ । यसलाई समय मै बुझेर अगाडी नबढ्ने हो भने ०६२/०६३ सालको जनआन्दोलनमा जसरी जनताले राजनैतिक दल भन्दा धेरै अगाडी बढेर गणतन्त्रको नारा लगाएर संघर्षमा होमिएका थिए त्यसरी नै कीर्तिपुरका जनता पनि आफ्नो अधिकारको निमित्त जिवन मरणको संघर्षमा होमिने छन् त्यस बेला राजनैतिक दलका प्रतिनिधीहरू धेरै पछि परेको हुनेछ ।

# मंकाः परिषदले त्रि. वि. संघर्ष सम्बन्धि डकुमेन्ट्री बनाउने




कीर्तिपुर सन्देश /

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा नेवाः स्वायत्त राज्य सुनिश्बिचततताका लागी साथै कीर्तिपुर वासीको हकहितको लागि लामो समयदेखि निरन्तर संघर्ष गर्दै आइरहेको नेवाः स्वायत्त राज्य मंकाः परिषद कीर्तिपुरले त्रिभुवन विश्वविद्यालयले कीर्तिपुरवासीको ६५०० रोपनी जग्गा अधिग्रहण गरेर कसरी दुरुपयोग गरिरहेको छ । कीर्तिपुरवासीले आफ्नो अधिकारको लागि गर्दै आइरहेको संघर्षको बारेमा एउटा डकुमेन्ट्री फिल्म निर्माण गर्ने भएको छ ।

गत बैशाख २० गते बुधवार नेवाः स्वायत्त राज्य मंकाः परिषद कीर्तिपुर को कार्यालय ताँल्वामा एक कार्यक्रमको आयोजना गरी मूभी क्यामराको पूजा गरी शुभ मुहुर्त गरियो ।

नेवाः स्वायत्त राज्य मंकाः परिषद अध्यक्ष मण्डलका संयोजक पंचलाल महर्जनको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष मण्डलका सदस्य नजरराम महर्जनले स्वागत मन्तव्य दिँदै भन्नुभयो – त्रिभुवन विश्वविद्यालय र कीर्तिपुरवासीको संघर्ष नयाँ होइन पचासौं वर्षदेखिको संघर्षको रिकर्ड राख्नको लागि यो डकुमेन्ट्री फिल्म बनाउन लागेको हो । अहिले पनि कीर्तिपुरवासीको रोजगारीको अधिकार लाई सुनिश्चित गर्न नेवाः स्वायत्त राज्य मंकाः परिषदले त्रि.वि. सेवा आयोगमा तालावन्दी गरिराखेको छ । वार्ताको लागि मंकाः परिषदलाई नबोलाइ त्रि.वि.ले राजनैतिक संयन्त्रलाई वार्ताको लागि बोलाइएको छ । राजनैतिक दलहरू मंकाः परिषदलाई वेवास्ता गरी वार्तामा गएका छन । वार्ता जसले गरेपनि कीर्तिपुरवासीको मांग पूरा हुनुपर्‍यो । मांग पूरा नगरीकन वार्तालाई पहिले जस्तै विचैमा टुहायो भने कीर्तिपुरवासीले वार्तामा जानेहरूलाई बाँकि नराख्ने चेतावनी दिनुभयो ।

नेवाः स्वायत्त राज्य मंकाः परिषद् अध्यक्ष मण्डलका सदस्य कृष्णहरि महर्जनले यस डकुमेन्ट्रीले नेवाः स्वायत्त राज्यको त्रि.वि.सँगको आन्दोलनलाई जनतासामु लाने र आहिले सम्म कीर्तिपुरवासीले गरेका सो आन्दोलको दस्तावेज हुने बताउदै हाल सम्मको आन्दोलनका सवालमा पनि थाहा पाउने बताउनु भयो । उहाँले सो आन्दोलनले अहिले सम्म गरेका उपलब्धीहरू पनि उल्लेख हुने भएका कारण कीर्तिपुरवासी आन्दोलित हुने पनि विश्वास प्रकत गर्नु भयो ।

त्यस्तै गरी मंकाः संघर्ष समिति अध्यक्ष मण्डलका अर्का सदस्य राममान सिंहले त्रि.वि.ले कीर्तिपुरवासीको भावना अनुरुप काम नगरेको बताउनु भयो । त्रिभुवन विश्वविद्यालयको लागि दिइएको जग्गा त्रि.वि.ले मनपरी प्रयोग गरिर हेको छ । हालसालै गणतन्त्र स्तम्भ बनाउनको लागि ६० रोपनी दिइएको छ । जसमा कीर्तिपुरवासी र कीर्तिपुर नगरपालिकालाई वेवास्ता गरिएको छ । त्यस स्तम्भबाट कीर्तिपुरवासीलाई के फाइदा हुन्छ सोच्नु परेको छ बताउनु भयो ।

नेवाः स्वायत्त राज्य मंकाः परिषदका सल्लाहकार हरिशरण महर्जनले त्रि.वि. र कीर्तिपुरवासीको संघर्ष भनेको नयाँ होइन । पचासौं वर्षदेखिको संघर्ष हो । यो संघर्षको सुरुवातमा संघर्ष गर्ने व्यक्तिहरु सिमित मात्रामा मात्र बाँकि रहेको जानकारी दिनुहुँदै यी जिवित व्यक्तित्वहरूको धारणा पनि राख्नु पर्ने सल्लाह दिनुभयो । सुरुदेखिनै त्रि.वि.ले कीर्तिपुरवासीलाई फुटाउ र राज गर भन्ने नीति अबलम्बन गरिँदै आइ रहेकोले हामी सतर्क हुनुपर्ने सल्लाह दिनुभयो ।

नेवाः स्वायत्त राज्य मंकाः परिषद कीर्तिपुरका संयोजक पंचलाल महर्जनले सभापतित्वको आशनबाट बोल्दै भन्नुभयो, “यो डकुमेन्ट्री बनाउनुको उद्देश्य कीर्तिपुरवासीलाई त्रि.वि.ले अहिलेसम्म गरेका नियम विपरीतका कामहरू अनि पचासौं वर्षदेखि कीर्तिपुर वासी र त्रि.वि. बीचको संघर्षको नालीबेली कीर्तिपुरवासीलाई जानकारी दिनु रहेको बताउनु भयो । शिक्षण संस्थाको लागि लिएको जमिनमा विभिन्न संघसंस्थालाई जग्गा दिएर गैर जिम्मेवारी काम गरिरहेको जानकारी दिनु रहेको बताउनु भयो । त्रि.वि.ले जमिन लिंदा कतिजना कीर्तिपुरवासीको उठीवास भयो, कतिजनाले कीर्तिपुरै छाडेर जानुपर्‍यो । कीर्तिपुरवासीका गुथि र जात्रा पर्वमा प्रभाव पारेको बारे पनि जानकारी दिनु रहेको छ ।

अन्तमा उहाँले त्रि.वि.सँगको संघर्ष यो अन्तिम हुनुपर्छ ताकि बारंबार आन्दोलन गर्ने, वार्तामा जाने बिना निष्कर्ष वार्ता भंग हुने काम अब हुनु भएन । वार्ता कसले गर्ने भन्दा पनि वार्ता सफलतामा टुंगिनु पर्छ । नत्र ने.स्वा.रा.मंकाः परिषदले खवरदारी गरि रहने बताउनु भयो ।

# नील:को सांस्कृतिक भ्रमण



कीर्तिपुर सन्देश /

नेवाः सांस्कृतिक उत्थानको लागि निरन्तर लागिरहेको कीर्तिपुरको नीलः सांस्कृतिक पुचःको पश्चिमांचल सांस्कृतिक भ्रमण पूरा भएको छ ।

गत चैत्र १५ गते आफ्नो टोलीका साथ बज्राचार्य साउण्ड एण्ड स्टेज सिस्टम सहित पश्चिम नेपालको भ्रमणमा गएको नीलः सांस्कृतिक पुचःले १६ गते धनगढी रंगशालामा पहिलो सांस्कृतिक कार्यक्रम प्रदर्शन गरियो ।

बज्राचार्य साउण्ड एण्ड स्टेजको भव्य स्टेज र अत्याधुनिक साउण्ड सिस्टममा प्रस्तुत गरिएको नाच, गानाले दर्शकलाई मोहित पार्न सफल भएको थियो । दर्शकहरूको भीडलाई कन्ट्रोल गर्न प्रहरीको सहयोग लिनु परेको थियो । स्थानीय कलाकारले पनि आफ्नो प्रतिभा देखाउन पाएको थियो ।

चैत्र १९ गते नेपालगंजको रंगशालामा कार्यक्रम प्रस्तुत गरियो । त्यहाँपनि पूरा दर्शकहरूले रंगशाला भरिएको थियो । नेवार समुदायले नेवाः सांस्कृतिक बाजा र गाना आफूहरूलाई पनि सिकाइ दिन बैण्ड मैनेजर तेजमान बज्राचार्यलाई अनुरोध गरिएको थियो ।

चैत्र २१ गते दांगको घोराहीमा कार्यक्रम गरियो । त्यहाँ पनि दर्शकहरूको भीड लागेको थियो । त्यहाँका नेवाः यूवाहरू नेवाः साँस्कृतिक बाजा सिक्न र भाषा सिक्न पनि उत्साहित भएको थियो ।

चैत्र २३ गते बुटवल र २५ गते पोखरामा कार्यक्रम गरी २८ गते काठमाण्डौं फर्किएको थियो । नीलः सांस्कृतिक पुचःले कार्यक्रम गरेको हरेक ठाउँमा नेवाः पहिचानको भाषा र सांस्कृतिक बाजा सिकाउन अनुरोध गरिएको थियो ।

पश्चिम भ्रमणपछि असोज महिनामा काठमाडौं उपत्यकाको २२ ठाउँमा कार्यक्रम गर्ने भएको छ । जसमा काठमाडौं, ललितपुर, भक्तपुर, वनेपा, पनौती, धुलिखेल लगायत विभिन्न ठाउँमा प्रदर्शन गर्ने नीलः सांस्कृतिक पुचःका अध्यक्ष तेज मान बज्राचार्यले जानकारी दिनु भएको छ ।

# हार्दिक श्रद्धाञ्जली

जन्म
वि. सं.
१९८२



निधन
२०६८ चैत्र ९
गते विहिवार

नागरिक सरोकार केन्द्र कीर्तिपुरका सचिव हरिशरण महर्जनका ममतामयी पुज्यनीय माता **कान्छी महर्जन**को असामयीक निधन भएको ४५ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**नागरिक सरोकार केन्द्र**
**कीर्तिपुर**

## नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

| नेपालभाषा — नेपाली भाषा | |
|---|---|
| थुइगु–पकाउनु । | त्वःपुइगु– छोप्नु |
| पुकेगु – तार्नु । | लथ्यायेगु–पत्याउनु |
| न्हायेगु – मोलनु । | लनेगु – नाप्नु । |
| ल्वाक छ्यायेगु– मिसाउनु । | सवाः कायेगु – स्वाद चाख्नु । |
| प्वलेगु – छिल्नु । | नचुकेगु–धुलो पार्नु । |
| सिलेगु – माझ्नु | पुइगु – फुक्नु । |
| बँपुइगु – बढार्नु | चःबि – चर्पी । |
| सिलेगु – धुनु । | खाता – खात । |
| निइगु – पिस्नु । | मेच – कुर्सी । |
| क्वाकेगु – तताउनु | खापा/लुखा – ढोका |
| खँल्हायेगु–कुरा गर्नु | बँ – भुइ |
| खुइगु – च्यात्नु । | फोहोर–फोहोर मैला |
| चकंकेगु– फैलाउनु | भुतू – भान्छा |
| च्वयेगु–लेख्नु । | चुपि – चक्कु |
| च्याकेगु–बाल्नु । | चुकू – चुकुल |
| ज्वनेगु– च्याप्नु | पुसा – बिर्को |
| ज्वनेगु – समाउनु | देसलाई –सलाई |
| छ्यलेगु– प्रयोग गर्नु | मुलु– सियो |
| त्वनेगु – पिउनु | फुंगा –तकिया |

# कीर्तिपुर क्रसकन्ट्री दौड प्रतियोगिता २०६९ सम्पन्न



नवीन महर्जन

कीर्तिपुर खेलकुद विकास समाजको आयोजनामा नववर्ष २०६९ सालको उपलक्ष्यमा गत शनिवार आयोजित आठौं खुल्ला कीर्तिपुर क्रसकन्ट्री अन्तरगत पुरुष इभेन्ट्समा कीर्तिपुरका धर्ममहर्जनले २७ मि२६ सेकेण्डमा दुरी पार गरी प्रथम हुन सफल भएको छ । त्यसैगरी दामोदर बुढामगरले २७ मि ३५ सेकेण्डमा पार गरी दोस्रो हुन तथा सुदर्शन श्रेष्ठले ३१ मि १८ सेकेण्डमा पार गरी तेस्रो भएका थिए ।

त्यसैगरी खुल्ला महिला तर्फ जुना तामाङ ३३ मि २० सेकेण्डमा पुरा गरी प्रथम भएकी थिइन भने कल्पना चौधरीले ४६ मिनेटमा पुरा गरी दोस्रो भएकी थिइन । तेस्रो हुन सफल पुजा थापालाई विशेष पुरस्कारले सम्मान गरेका थिए ।

विद्यालयस्तर प्रतियोगितामा मेगस इङ्गलिस स्कुल, ग्रीन भिलेज इजुकेशन फाउण्डेशन स्कुल, मंगल उच्च मा.वि., उज्ज्वल शिशु निकेतन एकेडेमी, पुष्प सदन आ. मा. वि.साल्भेनिया एकेडेमी, गोल्डेन रेज एकेडेमी, जनसेवा उच्च मा.वि. राराहिल मेमोरियल स्कुल न्यूजोलियन स्कुल, श्री पद्मा उच्च मा.वि., तारा मा.वि. ग्लादस्टोन एकेडेमी, ज्ञानोदय स्कुलर नेपाल राष्ट्रिय उच्च मा.वि. गरी १६ वटा स्कुलका खेलाडिहरुले सहभागिता जनाइएका थिए । जस्मा छात्र तर्फ दिपेश सोमाई नेपाल राष्ट्रिय उच्च मा.वि.ले ८मि ३१ सेकेण्डमा पुरी गरी प्रथम सागर कुँवर न्यनोलोजिन स्कुलले १० मि ५४ सेकेण्डमा पुरा गरी दोस्रो तथा श्याम तामाङ्ग मङ्गल उच्च मा.वि. १० मि ५८ सेकेण्डमा पुरा गरी तेस्रो भएका छन ।

त्यसैगरी छात्रा तर्फ ग्लादस्टोन स्कुलका सर्मिला क्षेत्रीले १२ मि.१८ सेकेण्डमा पुरा गरी प्रथम साल्भेनिया स्कुलका सरगम न्यौपानेले १३ मि ३२ सेकेण्डमा पुरा गरी दोस्रो तथा पुष्पसदनका रेशुका मानन्धरले १३ मि ५६ सेकेण्डमा पुरा गरी तेस्रो भएकी थिइन् ।

क्रसकन्ट्री दौड पश्चात एक समारोह विच यस समाजका अध्यक्ष प्रदिप महर्जनको सभापतित्वमा पुरस्कार वितरण कार्यक्रम भएको थियो । जस्को प्रमुख अतिथि प्रा.डा. रामकृष्ण महर्जन, अतिथिहरुमा प्रा.डा. श्यामकृष्ण महर्जन, प्रा.डा. शिव शरण महर्जन, स.प्रा. शान्त वहादुर श्रेष्ठ, सशस्त्र प्रहरीवल कालिन्चोक, प्रहरी प्रभाग कीर्तिपुरका प्रतिनिधिहरु र नेपाल रेडक्रस सोसाइटी कीर्तिपुर शाखाका सभापति हर्षमान महर्जन हुनुहुन्थ्यो । प्रमुख अतिथि तथा अतिथिहरुले प्रमुख धावक एवम् टप टेन पुग्न सफल धावकहरुलाई नगद पुरस्कार, उपहार एवं प्रमाणपत्र वितरण गरिएको थियो ।

स्मरणरहोस कीर्तिपुरका चर्चिट धावक एवं यस प्रतियोगितामा खुल्ला तर्फ प्रथम हुन सफल धर्म महर्जनले व्यक्तिगत तर्फबाट रु.१५०० खुल्लामा प्रथम हुनेलार्य दिने घोषणा गरेका थिए र सो इभेन्टमा आफै प्रथम भएकोले सो रकम विद्यालय विद्यालय तर्फ प्रथम हुन सफल विद्यार्थीलाई प्रदान गरिएको थियो साथै उहाँले आगामी वर्षमा हुने प्रतियोगिता मा पनि निरन्तर नगद पुरस्कार दिने जानकारी दिएमा थिए ।

यस वर्षको यस क्रसकन्ट्री प्रतियोगितामा विद्यालय स्तरमा उल्लेखनीय सहभागिता भएको थियो तर खुल्ला तर्फ विगत वर्षको तुलनामा कमी भएको पाइयो । यो हुनुको मुख्य कारण सो दिन नै नेपाल इन्भेष्टमेन्ट बैंकद्वारा तेस्रो एनआइबिएल हेरि तेज म्याराथन २०१२ को आयोजना गरिएका थिए । जस्ले गर्दा खुल्ला तर्फका विगतका सहभागी धावकहरु त्यहाँ सहभागी हुने जानकारी दिएको थिए ।

# विकल्पको सामुदायिक स्वास्थ्य वीमा योजना सम्बन्धी अन्तरक्रिया



विकल्प सहकारी संस्था लिमिटेडले सामुदायिक स्वास्थ्य वीमा योजना सम्बन्धी जानकारी दिन एउटा अन्तरक्रिया कार्यक्रम गरियो ।

गत बैशाख २४ गते आइतवार होटल हिलसाइड कीर्तिपुर मा विकल्प सहकारीका कार्यवाहक अध्यक्ष अशोक भन्सारीको सभापतित्वमा भएको उक्त कार्यक्रम सहकारीका सचिव नीर्मला भण्डारीले विकल्प सहकारी र स्वास्थ्य विमा सम्बन्धि परिचय दिनुहुँदै कार्यक्रम संचालन गर्नु भएको थियो ।

विकल्प सहकारीका सह सचिव प्रदिप महर्जनले स्वागत मन्तव्य दिनेक्रममा ४५ जना शेयर सदस्यबाट सुरु गरेको विकल्प सहकारीको सदस्य संख्या अहिले आएर ७०० जना पुगि सकेको जानकारी दिनु भयो । सहकारीको काम भनेको पैसा जम्मा गर्ने र ऋण प्रवाह मात्र गर्ने नभइ आफ्ना सदस्यहरूको स्वास्थ्यको बारेमा पनि सोच्ने रहेको जानकारी दिनु भयो । पैसा भन्दा स्वास्थ्य ठूलो हो । त्यसैले यो सामुदायिक स्वास्थ्य वीमा योजना ल्याएको बताउनु भयो ।

उक्त अवसरमा विकल्प सहकारीका अध्यक्ष वीष्णुदेवी श्रेष्ठले पारिजात महिला पुरस्कार र विकल्पका लेखा सदस्य शिलू महर्जनले चैन लाकौल पुरस्कार पाउनु भएकोमा का.वा. अध्यक्ष अशोक भंसारीले खादा ओढाई बढाई तथा सम्मान गरिएको थियो ।

त्यसपछि हिमाल प्रोजेक्टका आशिष महर्जनले जीवन वीमा भनेको के हो ? भन्ने बारे स्लाइड शोबाट जानकारी दिइएको थियो । त्यस्तै विकल्पका फोकल पर्सन नारायण महर्जनले पनि यसबाट हुने फाईदा सम्बन्धी स्लाइड शोबाट जानकारी दिनु भएको थियो ।

विकल्पको यस स्वास्थ्य वीमा योजनामा सहभागी हुँदा कीर्तिपुर अस्पताल र मोडेल अस्पतालमा उपचार गराउँदा ७० प्रतिशत खर्च अनुदान पाउनु जानकारी दिनु भयो ।

यसै सन्दर्भमा स्वास्थ्य वीमा सुविधा पाउन के गर्ने भन्ने बारे मौखिक र पर्चा समेतबाट जानकारी गराइएको थियो ।

विकल्प सहकारीका सल्लाहकार श्याम श्रेष्ठले पैसा भन्दा स्वास्थ्य ठूलो हो ।

हामी निरोगी होऔं । केही गरी कुनै दुर्घटना भएर वा दीर्घ रोग लागेर अस्पतालमा भर्ना भइ औषधोपचार गर्नु पर्‍यो भने घर खेत जाने अवस्था आउन सक्छ ।

त्यस्तो अवस्थामा यो स्वास्थ्य बीमा योजनाले धैरै मद्दत गर्दछ । हामीले बुझाएको शुल्कबाट हामीले मात्र समुदायले पनि फाइदा लिनसक्ने बताउनु भयो ।

सभापतिको आशनबाट अशोक भंसारीले सहभागी सबैलाई धन्यवाद दिनु हुँदै विकल्प सहका–रीको सदस्य भै स्वास्थ्य वीमा गर्न अनुरोध गर्नु भएको थियो ।

## साहित्य/कविता

### राष्ट्रिय सरकारलाई एक सुझाव

राम महर्जन,
नगाउँ कीर्तिपुर– १६

सहमतिय सरकार गठन होला
राष्ट्रिय सरकार देख्न पाउला
दलिय मेलमिलापको सरकारमा जानेहरूले
राष्ट्रिय भ्रष्टाचार निर्मुल गर्लान

अब त आउँछ होला नेपाल बनाउने सरकार
नेपाली जनताले शान्ति पाउलान
बेरोजगारीहरू रोजगारी होलान
जनवादी संविधान घोषणा होलान्

सत्य हिंसा लुटपाट रोकलान्
देशै भर खुशीको लहर आउलान्
नातावाद कृपावाद फरियावाद सबै हराउलान्
पौने तीन करोड जनता हाँस्ने दिन आउलान्

सरकारी कार्यालयमा कामहरु चुस्त र दुरुष्ट होलान्
ढिलासुस्ती र घुसघोरी सबै रोकलान्
सेवाग्राही जनताहरुको काम छिटो र छरितो होलान
मुलुकको मुहार उज्यालो नै होलान

अबदेखि नहोस नेपाल दलिय साँठगाँठको लड्डु
नबनाउ आपसी मेलमिलाप मै बजेट सिध्याउने योजना
पाँचतारे होटेलको खाना खानु अघि भोकानाङ्गालाई सम्झ
बहानाबाजी बैठक भत्ताले खल्ती नभरौं

### खोई ? हास्ने नेपाली

– बाबुराम महर्जन, नगाउँ

हाँस्ने रहर छ
हाँस्ने वातावरण छैन
के गरी हाँस्ने ?
रुनेलाई हँसाउन मन लाग्छ
हाँसि दिँदैन उनी
केलाएर बुझ्दा
दुःखि जीवनमा
दुबेका रहेछन् ॥

कस्तो यो दुनिया
अन्त देशमा
जस्तो सुखी छैन ॥
हामी जन्म लिएको
पापीहरूको मुलुक रहेछ ॥
भन्छ देवताहरूको
तपोवन खोइत ?
हाम्रा तपस्वीहरू ॥
उहिलेका खुइलिसक्यो
यहाँका सब बतुली लगिसक्यो ॥
अब कहाँ पो रहेछ
तिनीहरू सुखी बतुली ॥
सबै रमाई हाँसी ठट्टा
गरेर भ्याएको
छैन तिनीहरूमा ॥

# थुनुवाको डायरी–४१



## २०६७/०८/०६ सोमवार सतचालीस दिन

सँधैभै आज पनि ४ बजे मेरो निद्रा खुल्यो । बाहिर गएँ । नित्यकर्म गरेर डाँडामा गएँ। एउटा चुरोट पिएर फर्के । फर्कदाखेरि आदिनाथ, बाघभैरवलाई प्रणाम गरें । आकाशमा हेरें। चन्द्रमा चम्किरहेको छ। आकाशमा ताराहरू पनि चम्किरहेका छन्। कहिं कहिं वादल एक दुई टुक्रा पनि देखिन्छ। आज पनि राम्रै घाम लाग्छ होला। कोठामा आएर डायरी लेख्न थालें ।

कोठामा सबैजना मस्तिले सुतिरहेका छन् । एक जना घुरिरहेको छ। बाहिर कुखुरा बास्यो । विहान हुन लाग्यो भन्ने संकेत दिइरहेको छ ।

हिजो दिलकृष्ण शाहीसँग मेरो कचकच भयो । उसले मलाई जे मन लाग्यो बोल्यो। मलाई पनि उसलाई जे पायो त्यो भन्न मन लागेको थियो । तर मलाई एउटा वाणी याद आयो, 'तिमी अरूलाई त्यो वचन नबोल जुन अरूले बोलेको तिमीलाई मन पर्दैन ।' त्यसैले मैले केही पनि नराम्रो शब्द बोलिन । नाठो भेट्नु हुन्छ, नेवार भेट्नु हुँदैन भन्ने कहावत यस्तै भएर त बनाइराखेको होला । यहाँ भित्र थुप्रै नेवारहरू छन । एक से एक ठूलो मान्छे बन्नुपर्छ । मातृभाषा बोल्न जाने पनि बोल्दैन । तामांग, लामा, गुरुंगहरू आपसमा कुरा गर्दा आफ्नै भाषामा बोल्छन । नेवाः भाषाको भविष्य सकियो । एकदिन यो इतिहासको पानामा मात्र सिमित रहनेछ ।

हिजोको यो घटनाले मेरो मनमा च्वास्स घोच्यो । मेरो गाउँमा पनि मैले नगरेको भए किन जाहेरी दिन्छ भनेर सोचेको होला । मैले जवर जस्ति करणी उद्योग गरेको भन्ने धेरैजनालाई थाहा छैन होला। यदि मैले करणी उद्योग मात्र गरेको भन्ने थाहा पाएको भए यस्तो अनर्गल प्रचार नहुने थियो कि !

म किन यो डायरी लेखिरहेको छु ? के को लागि लेखिरहेको छु ? लेखेर के फाईदा ? यी यावत सवालहरू मेरो मनमा उठ्छ । अनि म यी प्रश्नहरूको जवाफ खोज्न थाल्छु ।

यो मेरो दैनिकि हो । म यहाँबाट छुटिएर गएपछि पनि जेलमा मेरो दैनिक जीवन कस्तो रहयो भन्ने एउटा लिखित प्रमाण हुनेछ। यहाँ रहँदाको मेरो विचार , मेरो भोगाई र मेरो मनस्थितिको यथार्थ विवरण हुनेछ यो डायरी । यहाँ मेरो आफ्नो भन्ने कोही छैन। मनको कुरा कोसँग गर्ने ? यो डायरी मेरो मनको बह पोख्ने एउटा माध्यम हो, राम्रो साथी हो । मैले जे भनेपनि, जे लेखेपनि चुपचाप सही दिन्छ । आफ्नो छातीमा लेख्न लगाउँछ । वर्षौवर्षसम्म अमित छाप बनाएर राख्छ ।

यो डायरी लेखन मेरो समय काट्ने मेसो पनि हो। यो डायरीको एक पाना भर्न मलाई आधाघण्टा लाग्छ । आफूले लेखेको डायरी पढेर पनि मन आनन्दित हुन्छ। यो डायरी म जेलमा परेको एउटा दसी प्रमाण हुनेछ। यसैको माध्यमबाट मैले को अफ्नो को पराई थाहा पाउन सक्नेछु । यहाँ मलाई कसले, कहिले, कतिचोटि भेट्न आयो भन्ने थाहा पाउन सक्ने छु । कहिले कसले के भन्यो, के दियो भन्ने पनि रिकर्ड हुनेछ। त्यसैले यो डायरी मेरो लागि अत्यन्त महत्वपूर्ण छ ।

शिव क्षेत्री भन्ने केटो अस्ति म २५ गते छुट्छु भनेर मसँग सहयोग माग्न आएको थियो । अहिले ऊ खुशी छ। त्यसदिन म नछुटिएकोमा उसले धेरै दुःख मनाएको थियो। अहिले उसले १ नं. भान्सामा काम पाएको छ। त्यहाँ काम गरे वापत उसले महिनाको तीनहजार बचाउँछ। उसले वाहिर रिक्सा चलाउँथ्यो। उ एक्लै बस्थ्यो। उसलाई रमाइलै छ जस्तो लाग्छ । अब उसले मसँग कहिले बाहिर जाने भनेर सोध्न छाडेछ । अब ऊभन्दा पहिले म बाहिर गएपनि उसको साहूलाई केही भन्न जान्न ।

सातबजे ओमशान्तिमा गएँ । आज भाइजीले मुरली पछि कलियुगको बारेमा प्रवचन दिनुभयो । अहिले सृष्टि-चक्रको अन्तिम काल । कलियुगमा मान्छेहरूको मनमा धर्म रहँदैन। पाँच विकार तत्व काम, क्रोध, लोभ, मोह र अहंकारले बलियो जरा गाडेको हुन्छ। यो कलियुगमा मान्छेमा धर्मको चेतना, सामाजिक संस्कार हराउँदै गएर व्यक्तिगत स्वार्थ हावी हुन्छ । त्यसैले छोराले बाबुको हत्या गर्छ । आमालाई वृद्धाश्रममा फाल्न लैजान्छ । काम गरेर खानुको वदला लुट, डकैती, अपहरण गरेर पैसा कमाउन खोज्छन् । कामको वशिभूत भएर बलात्कार गर्छ। ठाउँ ठाउँमा गाडी दुर्घटना भएर मान्छेको ज्यान गैरहेका छन । मान्छेले नसोचेका नयाँ नयाँ रोगहरू उत्पत्ति भैरहेका छन ।

मेरै कुरा लिउँ न। जसलाई मैले आफ्नै छोरीभैं पालिराखें। आज तिनै छोरीले आफ्नो व्यक्तिगत स्वार्थ र प्रेमीसँग भागेर जाने इच्छा पूर्ति गर्न मलाई भूठो लाञ्छना लगाएर जेलमा बस्न बाध्य बनाईएको छ । यस घटनाले गर्दा कति जनाको मनमा घृणा पैदा गराई दियो। अरूलाई निस्वार्थ भावले सहयोग गर्न सबैलाई एकचोटि सोच्न बाध्य बनायो ।

ओमशान्तिबाट बाहिर आएर चिया पसलमा गएँ। त्यहाँ वकिल साथी भेट भयो । उसलाई पनि मलाईजस्तै जवरजस्ती करणी उद्योगमा ३२ महिना सजायँ तोकेको थियो । ऊ यहाँ बसेको १५ महिना भैसक्यो।

ऊसँग कुराकानीको क्रममा मेरो केस मेलमिलाप केन्द्रमा मेलमिलाप गर्ने भन्छन यसो गर्नको लागि के गर्नुपर्छ भनेर सोधें।

'सरकारवादी मुद्दामा मेलमिलाप गर्न त मन्त्रीपरिषदबाट अधिकार प्रत्यायोजन गरेको व्यक्तिले मात्र मेलमिलाप गर्न सक्छ नत्र संस्थाले चाहँदैमा अब केही हुँदैन ।"

अस्ति गौरी प्रधानले मेलमिलाप गराउने कुरा गरेको छ भनेर रामकृष्ण दुवालले भनेको थियो । अब नहुने भयो ।

१०.३० बजे खाना खाएर फेरि घाम तापें। एकैछिनमा गर्मी भयो। कोठामा आएर पल्टिएँ । निदाउन प्रयास गरें । निद्रै लागेन । त्यतिकै पल्टिरहें । माईकबाट भेटघाटमा आउनेको नाम बोलाईरहेको छ । मेरो नाम पनि बोलाउँछ कि भन्ने भिनो आशाले कान ठाडो पारेर बसिरहें । मेरो नाम बोलाएन । डाँडामा चुरोट पिउन गएँ। त्यहाँ पत्रकार विकास थापा उदास मनले चुरोट पिइरहेको थियो। खाना खानु भयो भनेर सोधें।

'खाइसकें। यहाँ कामै के छ ? चिया खायो, खाना खायो, चुरोट पियो, सुत्यो, उठ्यो त्यति त हो नि ।' उसले उदास मनले भन्यो।

'आज तपाईंको सर्वोच्चमा बहस हुनेवाला थियो केही खवर आयो ?'

'तपाईंको १७ नं मा जस्तै मेरो पनि आज सि.नं.१३ मा छ । नहुने भयो ।'

यहाँ सबैको उही आशा, उही पीडा । सबैजना यो कैदखानाबाट छिटो भन्दा छिटो बाहिर जान चाहन्छ । मानिस एक चेतनशील प्राणी हो। ऊ एकैठाउँमा बसिरहन चाहँदैन ।

आज छोरा आउछ नै भन्ने पूरा विश्वास त छैन । तैपनि आउँछ कि भन्ने भिनो आशा छ। त्यसैले दाह्री काटें। लाइब्रेरीमा गएर पत्रिका पढिरहेको बेला माईकबाट मेरो नाम बोलायो । पक्कै छोरा आएको होला भनेर सामान लिएर गएँ । ढोकाबाट हेरेको त सुरेन्द्र मानन्धर र छोरा आएका रहेछन्। उनीहरूसँग भेट्न गएँ। तीन कप चिया मगाएर पिएँ ।

'अहिले हामी भ्वाइस अफ चिल्ड्रेनमा पनि गएर आएको । तपाईंलाई मैले फसाएको भन्ने हल्ला छ । के यसमा मेरो हात छ ? भनेर निरजकै अगाडि सोधें । मैले फसाएको होइन भन्ने प्रमाणित गराइदिएको छु ।' सुरेन्द्रले भन्यो ।

'मैले भनेको होइन । कृष्णकुमार थापाले नै भनेको थियो । पार्टीसँग सल्लाह लिएर कारवाही अगाडि बढाएको भनेर ।' मैले भनें, 'अस्ति मेरा बहिनीहरू नीलम सुवेदी, लक्ष्मी उप्रेती र ममता गिरी पार्टी कार्यालय बल्खुमा गएर कुरा गर्न गएको थियो । कार्यालय सचिवले नगर कमिटीलाई डेलिगेसन पठाउ भन्नु भएको छ । त्यसैले तपाईंलाई बोलाएको । एकचोटि नगर कमिटी पार्टी केन्द्रिय कार्यालयमा डेलिगेशन जानुपर्‍यो ।'

'त्यसको कुनै जरुरत छैन । गंगालाल तुलाधरले हामीले भनेजस्तो मान्छ । त्यहाँ डेलिगेशन जानु पर्दैन । बरु साथीको नाताले के के भएको मलाई नढाँतिकन भन्नुस् ।' सुरेन्द्रले भन्यो ।

'कुनै घटना घटेकै होइन । मैले केही गरेकै छैन । के भन्ने ?'

'होइन, मलाई विश्वास गर्नुस । म कसैलाई केही भन्दिन। कहाँ कुन बेला कसरी बच्चाहरूलाई दुर्व्यवहार गरेको यथार्थ भन । म सकेको मद्दत गर्छु ।'

'के कुरा गरिरहनु भएको ? तपाई अदालतमा मेरो विपक्षमा बहस गरिरहनु भएको हो कि के हो कि के हो ?'

'ल ठिक छ, नभन्ने भए भन्नु पर्दैन । हामीले तपाईंलाई नगर कमिटीबाट निलम्बन गरेको छु। एउटा छानविन समिति पनि बनाएको छ । तर यो कुरालाई बाहिर लगेको छैन ।'

उसको कुरा सुनेर म छक्क परें । छोराको मुख हेरें । उसको मुख अँध्यारो छ। उसको मुखमा रिस र आक्रोसले भरिएको छ। तर उसले एक शब्द बोलेन ।

"मलाई किन निलम्बन गर्नु भएको ? मेरो मुद्दाको छिनोफानो भएको छैन । म अपराधी होइन । म त थुनुवा मात्र हुँ ।"

"केही छैन । यो एउटा फर्मालिटी पूरा गर्न मात्र गरेको हुँ । तपाई निस्केपछि फुकुवा भइहाल्छ नि । एउटा छानबिन कमिटी पनि बनाएको छ ।"

उसको कुरा सुनेर म छक्क भएँ । केही सहयोग पाइन्छ कि भनेर बोलाएको उसले त मलाई सहयोग गर्नुको सट्टा पीडा पो दिएर गयो । म नगर कमिटीको उपसचिव मलाई कारवाही गर्ने नगर कमिटीलाई अधिकार छैन । उक्त कमिटीले त कारवाहीको लागि उपल्लो कमिटीमा सिफारिस मात्र गर्न सक्छ । म निर्दोष छु भनेर पार्टीमा डेलिगेसन गएर मलाई सहयोग गर्न भन्न लगाउँछु भनेको त ऊ त मलाई सजायँ दिन लागिपरेको जस्तो लाग्छ ।

ल ठिकै छ जे मन लाग्छ गरोस् । म निस्केपछि सबै ठीक भैहाल्छ । यस्तै सोचेर केही नभनीकन भित्र आएँ ।

उनीहरूसग छुट्टिएर आएँ । आज छोराले केही पनि खानेकुरा ल्याएको छैन । नभएको बेला भन भोक लाग्दो रहेछ । मलाई भोक लाग्यो । त्यसैले कचौरामा चिउरा र दालमोठ राखेर खाएँ । अनि चिया पसलमा गएर चिया पिएँ । बाहिर चिसो हावा चलिरहेको छ । त्यसैले म कोठामा आएँ । टी.भी. हेरेर बसें ।

साँझ लोडसेडिंग भयो । खाना खाएर कोठामा आएँ । विछ्यौनामा पल्टेर रेडियो सुनिरहँदा म त निदाएछु । बत्ती आयो । मेरो निद्रा खुल्यो । ओमशान्तिमा गएँ । मुरली सुनेर कोठामा आएँ ।

कोठाको टी.भी.मा जिरे खुर्सानी टेलिसिरियल आइरहेको थियो । हेरें । ९.३० बजे नम्बर लाग्यो । मैले सुत्ने प्रयत्न गरें । मनमा कुरा खेलिरहयो । कुनबेला निद्रा लाग्यो थाहै पाएन । म सुतें । ...क्रमश

# सामर्थ्य भनेको के हो र यो संग पहिचानको के सम्बन्ध छ ?

– प्रमोद श्रेष्ठ –

“पहिचान” भनेको यस्तो मूलभूत चिनारी हो जो कुनैपनि अरू भौतिक वातावरणसँग परिवर्तन हुँदैन । “सामर्थ्य” भनेको उच्चतम विकास, उत्पादन गर्ने क्षमता हो जुन विशेष गरिकन मानविय संसाधन, मानविय विवेक, प्रविधि र धेरै भौतिक कुरहरूमा निर्भर रहन्छ, जस्तै भौतिक सुगमता, प्राकृतिक श्रोत र साधनमा आदि ।

त्यसमा पनि मानव संसाधनको भूमीका प्रमुख रहन्छ । किनकी सुन खानी छ भन्दैमा आफै सुन खानीबाट बाहिर निस्कने होइन । मानव संसाधनको जति बढी उपयोग भयो त्यही अनुपातमा त्यही सापेक्षमा सामर्थ्य पनि बढ्दै जाने हो बाँकि भौतिक कुराहरू र प्राकृतिक श्रोत साधन त सहयोगी मात्रै हुन ।

मानव समाजले स्थानीय उपलब्ध श्रोतसाधनलाई उपयोग गर्ने कला अनि प्रविधि पनि प्राकृतिक रूपमा जानेका र सिकेका हुन्छन । यी क्षमता सामर्थ्य नै विशेष पहिचान पनि हो । प्राकृतिक श्रोत र साधनको बाँडफाँट, अंशबण्डामा पारिकन एउटै समाज एउटै भावना, भाषा, संस्कृति, धर्म, इतिहास बोकेका जातिलाई अलग गर्नु न्यायोचित छैन ।

मानविय संसाधनलाई उच्चतम परिचालन गर्न राष्ट्रमा दिगो शान्ति,राजनैतिक स्थिरता चाहिन्छ ।

अर्को कुरा सामर्थ्यले पहिचान होइन, पहिचानले सामर्थ्य बनाउने हो किनकि आफ्नो पहिचानमा आफ्नोपन, राष्ट्र भावना, आफ्नो ठाउँ गाउँ प्रति जिम्मेवार, आफ्नो ठाउँ गाउँ प्रति दायित्व बोध हुने हो । माटोसँगको प्रेम, भाषा, धर्म, संस्केति र पहिचानको भूमिका हुन्छ, यो भावनात्मक उत्प्रेरणाले सामर्थ्य ल्याउने हो, प्राकृतिक श्रोत र साधनको थुप्रोले होइन, त्यो वर्षौ सम्म पनि बेहाल अवस्थामा हुनसक्छ ।

अब मानविय संसाधन परिचालन भएन भने के हुन्छ ? के त्यहाँ सामर्थ्य हुन्छ ? त्यहाँ सामर्थ्य शुन्य नै हुन्छ। जबसम्म उपयोग हुन्न जति नै साधन भएपनि त्यो अमूर्त ने हो त्यसको मूल्य हुँदैन । यदि सामर्थ्यमा राखिन्छ भने त्यो आकाशको फल मात्रै हो ।त्यसैले पहिचान बिना सामर्थ्य मात्रै कुरा गर्नु भनेको आत्मा नभएको मृत लाशलाई महत्व दिनु बराबर हुन सक्ला ।

# उपयोगवादको करामत

ब्यंग सन्देश

सरद कुमार महर्जन



हाम्रो जीवन तथा समाज विभिन्न वाद र प्रतिवादले भरि पूर्ण छ। मार्क्सवाद, लेलिनवाद, माओवाद, समाजवाद, साम्यवाद आदि। त्यसमा पनि आजभोलि उपयोगवाद हावी भएको छ। उपयोगवा भनेको कैले कसैलाई कही समयको लागि उपयोग गर्नु वा गराउनु नै हो। कोही कसैलाई उपयोग गर्न पाएकोमा दंग छन् भने कोही कसैको उपयोग गराई केही पद, प्रष्ठि, सुविधा, भत्ता, सुरक्षा पाएकोमा पनि मख्ख छन। यो नेपालको रोग भन्नु वा संस्कार भन्नु उपयोगवाद दिन प्रतिदिन सफल भएको छ। यस उपयोगवादमा क. प्रचण्डलाई कुल खेलाडीको रुपमा मान्नु पर्दछ। अहिले एमाओवादीको सबैभन्दा सफल नीति भनेको नै उपयोगवाद नीति हो। आफ्नो अनुकूल अरुलार्य संचालन गर्न सक्नु नै उपयोगवाद सफल हुनु हो, यसको पछिल्लाकालमा नेपाली कांग्रेस पनि उपयोगवादको शिकार भएको छ। गणतन्त्रकालको यो चारवर्ष भरि प्रतिपक्षमा बसेको नेपाली कांग्रेस यसपाली भने उपयोगवादको फन्दामा पर्ने निश्चित भएको छ, उत्तरी ध्रुवको प्रतिनिधित्व गर्ने क्रान्तिकारीको ठीक विपरीत दक्षिणी ध्रुवको प्रतिनिधित्व गर्ने नेपाली कांग्रेसको मेल भनेको संविधान जारी गर्ने र शान्ति कायम गर्ने भन्दा पनि लेनदेनसँग मात्र लगनगाँठो कस्न लागेको देखिन्छ। अहिले संविधान जारी एमाओवादीको विशेष गरी डा. बाबुरामको प्रधानमन्त्रीको नेतृत्वमा गर्ने, गराउने र नेपाली कांग्रेसको नेतृत्वमा विशेष गरी सुशिल बाजेको नेतृत्वमा आम निर्वाचन गराउने लोभ र आशमा फसेका नेपाली कांग्रेस पनि मख्ख छन। आफ्ना सहयात्री नेकपा एमालेलाई प्रतिपक्षमा राख्ने नेपाली कांग्रेसको इच्छा पुरा हुने भएको छ।

उपयोगवादको शिकार भएकाहरु भने सजग र सतर्क हुन थालेका छन। यहाँ कहिले राजावादी, कहिले एमाले, कहिले मधेशी मोर्चा, अहिले नेपाली कांग्रेस उपयोगवादमा परेका छन। र वैद्यले उपयोगवादको चाल पाएका छन। कहिले राष्ट्रिय सरकार बनाउने भनेर सहमति गरेका छन। कहिले शान्ति कायम गर्नेमा, कहिले संविधान जारी गर्ने नाउँमा, कहिले विवाद समाधान गर्ने नाउँमा कहिले को सँग कहिले को सँग सहमति र सम्झौता गर्ने गरेका छन तर कसले कसलाई उपयोग गरेका छन हेक्का समेत राखेका छैनन्। विशेष गरी अहिलेसम्ममा आम सोझासाझा जनतालाई उपयोगवादको प्रयोगशाला बनाएका छन। विभिन्न जनजातिहरु र दलित, मधेशी, गरिब जनतालाई नेपालको हरेक आन्दोलनमा, जनयुद्धमा, आम निर्वाचनमा, संविधान सभामा आम जनतालाई उपयोग गरेका छन तर आम जनता नै महंगीको मारमा परेका छन। हत्याको शिकार भएका छन। ठगीको शिकार भएका छन। अपमानको पात्र भएका छन। जनताले नेताहरुलार्य उपयोग गर्ने कहिले? जनताले सरकारको उपयोग गर्ने कहिले? जनताले राज्यको स्रोतसाधनको उपयोग गर्ने कहिले? जनताले जनताको लागि निर्णय गर्ने कहिले? यो प्रश्न जल्दोबल्दो उठेको छ। किनकि आज नेता सत्ता र भत्ता आउने पदमा पुग्यो कि शासक भएर निस्कन्छन। जनताको आवश्यकता र चाहना अनुसार शासन चलाउने होइन। आफ्नै जनताको प्रतिकूल निर्णय गर्ने गर्दछन। जनतालाई राहत हैन, आहत दिने गरेका छन, जनतालाई उज्यालो हैन, अन्धकार दिने गरेका छन। जनतालाई शान्ति हैन, विग्रह ल्याउने कुरा गर्दछन, त्यसैले होला उपयोगवादले हद नाघ्न लागेको छ।

अब जनता कसैको उपयोगमा बस्न चाहँदैन। आफ्नो निर्णय आफै गर्न चाहन्छन। आफ्नो सुरक्षा आफै गर्ने। आफ्नो नेता आफै छान्ने, आफ्नो संघियता आफै निर्धारण गर्न चाहन्छन्। कसैले कसैलाई उपयोग मात्र गर्ने भन्दा पनि सबैलाई भलो हुने, आम जनतालाई केन्द्र बिन्दुमा राखेर काम गर्नु पर्दछ। नत्र क्षणिक लाभ लिने दिने भन्दा दीर्घकालिन रुपमा स्थायी हुने, प्रगति हुने, शान्ति हुने र स्थायी हुने खालका योजनाहरु ल्याउने रआम जनतालाई राष्ट्र निर्माणमा लगाउने, उद्योग व्यवसाय बढाउने, रोजगारी बढाउने, आत्मनिर्भर गराउने काममा उपयोग गर्नु पर्दछ नत्र यो उपयोगवाद पनि कुनै दिन विद्रोहको गृह कलहको कारकतत्व बन्न सक्छ। सचेत हुन आवश्यक छ।

# बाहिरी चक्रपथ बनाउन सवालमा कीर्तिपुरमा अन्तरक्रिया

**कीर्तिपुर सन्देश /**

शहरी विकास तथा भवन निर्माण विभाग बाहिरी चक्रपथ विकास आयोजना अनाम नगर काठमाडौंको अनुरोधमा कीर्तिपुर नगरपालिकाको आमन्त्रणमा कीर्तिपुरमा कार्यरत राजनैतिक संयन्त्रका प्रतिनिधिहरू, विभिन्न सामाजिक संघ संस्थामा आवद्ध, नागरिक समाज र बुद्धिजीवीहरूको बीच अन्तरक्रिया कार्यक्रम भयो।

कीर्तिपुर नगरपालिकाका कार्यकारी अधिकृत रामलाल श्रेष्ठले अन्तरक्रिया कार्यक्रमको बारेमा संक्षिप्त परिचय दिनु भयो। बाहिरी चक्रपथ विकास आयोजनाको प्रमुख सुरोज राजकर्णिकारले बाहिरी चक्रपथको योजनाको पृष्ठभूमि, योजनास्थलको विवरण, बाटोको किसिम, लागत अनुमान, किसानले व्यहोर्नु पर्ने औसत योगदान विवरण आदि इत्यादिको स्लाइड स्लो पनि देखाइयो।

त्यसपछि सहभागीहरूको विचार लिने क्रम भयो। आ-आफ्नो धारणा राख्नेक्रममा कीर्तिपुरवासीको हक अधिकारको लागि निरन्तर लागिरहेको नेवाः स्वायत्त राज्य मंकाः परिषद कीर्तिपुरको तर्फबाट नजर राम महर्जनले आफ्नो धारणा राख्ने क्रममा ०६४ सालदेखि छलफलमा ल्याएको यो योजना अहिलेसम्म पनि छलफलमै सिमित छ। त्यसैले हतारिनु पर्दैन। नेवाः राज्य बन्दै छ। नेवाः राज्यले नै कहाँ बस्ती बसाल्ने हो निर्णय गर्नेछ। कीर्तिपुरवासीको पानीको मुहान भएकोले त्यसक्षेत्रलाई सिमसार क्षेत्र घोषणा गर्न मांग भैरहेको बेला त्यही पानीको मुहान नजिकमा बस्ती बसाल्दा कीर्तिपुरवासीले पानी पिउन पाउँदैन। त्यसैले पहिले पानीको व्यवस्था भएपछि मात्र कीर्तिपुरका जनताले सहयोग गर्ने बताउनु भयो। त्यस योजनाको जग्गा प्लटिंग गरेर बेच्दा काठमाडौंवासीले मात्र किन्न पाउने नियम लागु हुनुपर्छ।

नेपाः राष्ट्रिय पार्टीका तर्फबाट कृष्णहरि महर्जनले आफ्नो धारणा राख्नेक्रममा बाहिरी चक्रपथले काठमाण्डौंका नेवारहरूलाई अल्पमतमा पार्ने, विस्थापित गर्ने योजना हो। विकास भनेको देश र जनताको हितको लागि हुनुपर्छ। यस योजनाले काठमाडौंको विकास होइन वातावरणीय विनास गर्छ। जनसंख्याको अत्यधिक चाप, वायू प्रदुषण निम्त्याउँछ। पानीको हाहाकार हुनेछ। अहिले कीर्तिपुर नगरपालिकाको जति जनसंख्या छ त्यो भन्दा बढी त्यस क्षेत्रमा जनसंख्याको चाप बढ्ने छ। यो सबैकुराको ध्यान राखेर मात्र योजनाको समर्थन या विरोध गर्नुपर्छ।

त्यस्तै एकीकृत माओवादीका सम्भुराम महर्जनले हाल सरकारले भूमि सम्बन्धी नयाँ नियम ल्याएको बताउँदै सो अन्तर्गत कृषियोग्य जमिन र घडेरीको लागि जग्गा छुट्याउने बताउने भयो। उहाँले कीर्तिपुर क्षेत्रमा खेती योग्य प्रमुख क्षेत्रमा नै वाहिरी चक्रपथ बनाउने योजना ल्याएको कारण सो योजना लागू हुने नहुने दुविधामा रहेको समेत दावी गर्नु भयो।

त्यस्तै गरी नेपाल मजदुर किसान पार्टीका हरिकुमार महर्जनले सो क्षेत्र कीर्तिपुरवासीको खानेपानीको मुहान भएकोले उक्त क्षेत्रमा घना जनसंख्या भएपछि कीर्तिपुरवासीले अझै पानीको अभाव व्यहोर्नुपर्ने भएको हुँदा पानीको लागि नै कलह हुनसक्ने बताउनु भयो। उहाँले पानीका लागि ठूला ठूला युद्ध भएको उदाहरण समेत दिनुभयो।



वाहिरी चक्रपथ विकास अयोजनाको तयारी गरेको अनुसार उक्त वाहिरी चक्रपथले ९ हजार रोपनी जग्गा ओगट्ने छ। सो अन्तर्गत कीर्तिपुर नगरपालिका क्षेत्रका चोभार, गाम्चा क्षेत्र पर्ने र अन्य क्षेत्रहरूमा सतुंगल, नैकाप, पुरानो भञ्ज्याङ लगायत पर्नेछ। उक्त योजना अनुसार ५० मिटरको बाटो हुनेछ। बाटोको दायाँ बायाँ २ सय ५० मिटरको जग्गा विकास गर्नेछ। सो योजना अनुसार चोभार क्षेत्रमा व्यवस्थित विकास भएपछि लगभग ५४ सय रोपनीको क्षेत्रमा घडेरी कित्ताहरू विकास हुनेछन्। जसमा अनुमानित ४५ हजार २ सय ९३ जना व्यक्तिहरूको बसोबास हुनेछन्। यस क्षेत्रको ५ सय ५० मिटर प्रभावित क्षेत्रभित्र परेका जग्गा धनीहरूले जग्गा विकास र पूर्वाधार निर्माण गर्नका लागि औसतमा ४० प्रतिशत जग्गा योगदान गर्नुपर्ने हुन्छ।

काठमाण्डौं दक्षिण पश्चिम कीर्तिपुर नगरकै एउटै मात्र

**कीर्तिपुर स्विमिङ पुल**

अब थप बिशेष सुविधा तथा सहुलियतसहित नयाँ ब्यवस्थापनमा संचालन

–शान्त तथा सुन्दर मनोरम वातावरण
–स्विमिङ्को लागि आवश्यक सामानहरू क्लबभित्रै उपलब्ध
–बिशेष छुटमा मासिक र समयानुकुल (सिजनल सदस्य बन्न सक्ने
–दक्ष एवं अनुभवी प्रशिक्षकबाट पौडीको तालिम दिइने
–महिला तथा बच्चाहरूलाई टिकतमा विशेष छुट
–स्कूलका विद्यार्थीहरूलाई सहुलियत दरमा टिकटको ब्यवस्था

स्विमिङ् पुललाई कर्मचारी आबश्यकता छ। तुरुन्त सम्पर्क राख्नु होला।

कीर्तिपुर स्विमिङ् पुल, कीर्तिपुर, काठमाण्डौं, फोन ४३३२७१५




उपन्यासकार नजरराम महर्जनया न्हयगुगु (७ औं) नेपालभाषाया उपन्यास "व सु" याकनं पिदनेत्यंगु दु। लंच्वनादिसँ